# मुख्यमन्त्री

गण्डकी प्रदेश, नेपाल

मिति:२०७५/११/२३



## शुभकामना सन्देश

**"Think equal, Build smart, Innovate for change"** भन्ने नाराका साथ मनाउन लागिएको **१०९ औं अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च)** को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महिलाको हक अधिकारका साथै आर्थिक, सामाजिक, राजनीतिक तथा साँस्कृतिक विकासका लागि आवाज उठाउने दिनको स्मरण गर्दै प्रत्येक वर्ष ८ मार्चलाई विश्वभर अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाउने गरिन्छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक एवं सवै प्रकारका शोषण, उत्पीडन र विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने हाम्रो संकल्प हो । यसका लागि संवैधानिक र कानुनीरुपमा प्राप्त महिलाहरुको सम्पूर्ण अधिकारको पूर्ण कार्यान्वयन गर्दै थप अगाडि वढ्नु आवश्यक छ ।

यस दिवसले हामी सवैलाई महिलाहरुको अधिकार सुनिश्चित गर्ने दिशामा एकीकृत पहल गर्ने प्रेरणा प्रदान गरोस् भन्ने शुभेच्छा व्यक्त गर्दै लैङ्गिक समानता, महिला सशक्तिकरण, महिला अधिकारको सुनिश्चितता तथा सुख, शान्ति एवं समृद्धिको कामना गर्दछु ।

...............

**पृथ्वी सुब्बा गुरुङ**

**मुख्यमन्त्री**